राष्ट्र निर्माण हाम्रो लक्ष्य

# नेपाल टेलिकम
# NEPAL TELECOM

प.सं ०८२।८३
च.नं. प्रे.वि.नं. ३२

मिति- २०८३।०३।३१

जल तथा मौसमजन्य विपद् जोखिम सम्बन्धी पूर्वसूचना प्रवाह गर्ने सम्बन्धमा

## प्रेस विज्ञप्ति

नेपाल टेलिकम र जल तथा मौसम बिज्ञान विभागबीच जल तथा मौसमजन्य विपद् जोखिम सम्बन्धी पूर्वसूचना प्रवाह गर्ने सम्झौता सम्पन्न भएको छ। यस सम्बन्धी आज भएको सम्झौतापत्रमा नेपाल टेलिकमको तर्फबाट प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) र जल तथा मौसम विज्ञान विभागको तर्फबाट महानिर्देशक डा. अर्चना श्रेष्ठले हस्ताक्षर गर्नुभएको छ।

यस प्रकारको एसएमएस प्रवाह विगत देखि नै भइरहेको र यसका लागि आवश्यक विवरण तथा सेवा उपलब्ध गराएकोमा दुवै जनाले एक अर्को संस्थाप्रति आभार व्यक्त गर्नुभयो। उहाँहरुले भविष्यमा समेत यो सेवा प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो।

सम्झौता अनुसार देशभरका विभिन्न जोखिमयुक्त स्थानमा रहेका नेपाल टेलिकमका सक्रिय ग्राहकलाई जल तथा मौसमजन्य विपद् सम्बन्धी प्रकोप तथा विपद् जोखिमको पूर्वसूचना तथा तत्सम्बन्धी जानकारी ११५५ सर्टकोड प्रयोग गरी एसएमएस मार्फत पठाइने छ। यस अनुसार वर्षा, हावाहुरी, चटयाङ, हिमपहिरो, हिमपात/हिमआँधी, तातो हावाको लहर (लु), शितलहर, धुम्रपात, बाढी, आकस्मिक बाढी, पहिरो, हिमताल विष्फोट र डढेलो जस्ता प्रकोपहरुको पूर्वसूचना पठाइने छ।

विपद् सम्बन्धी पूर्वसूचना मोबाइल एसएमएस मार्फत प्रवाह गर्न नेपाल टेलिकमलाई विभिन्न नदी तटीय क्षेत्रहरु तथा सम्भावित जोखिमयुक्त क्षेत्रहरुका एसएमएस पोलिगन (SMS Polygon) हरु जल तथा मौसम विज्ञान विभागले उपलब्ध गराउने छ। सम्झौता अनुसार पश्चिम राप्ती, कन्काई, कोशी, बागमती, नारायणी, बबई, कर्णाली, महाकाली लगायतका नदी तटीय क्षेत्र र अन्य स्थानीय तहको नक्सा वा जिल्लागत नक्सा वा आकस्मिक बाढी सम्भावित क्षेत्रहरु (Flash Flood Polygon) वा उपयुक्त कुनै वेसिनको नक्सा नेपाल टेलिकमलाई उपलब्ध गराइने छ। त्यसैगरी प्रकोपको प्रकृति, विस्तार क्षेत्र तथा त्यसको प्रभावस्तर अनुमान गर्न उपयुक्त हुने जिल्लागत नक्सा, स्थानीय तहगत नक्सा, विभिन्न स्थानका कुनै विशेष भूभाग समेटिएको नक्सा र अन्य उपयुक्त नक्सा समेत उपलब्ध गराइने छ।

यस सम्बन्धी एसएमएस सेवा नेपाल टेलिकमले विगत देखि नै निःशुल्क रुपमा उपलब्ध गराउँदै आएको छ। यसका लागि नेपाल टेलिकमले पहिले देखि नै ७०० वटा सिम उपलब्ध गराइरहेकोमा अब थप १०० वटा समेत गरी ८०० वटा डाटा सहितको सिम निःशुल्क उपलब्ध गराउने छ। नेपाल टेलिकम र जल तथा मौसम विज्ञान विभाग मार्फत विगत २०७३ साल देखि नै यस प्रकारको मौसमजन्य विपद्को पूर्वसूचना प्रवाह भइरहेको छ।

कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत प्रवाह हुने यस प्रकारको पूर्वसूचनाबाट लाखौ व्यक्तिहरु लाभान्वित भएका र भविष्यमा समेत लाभान्वित हुने कम्पनीको अपेक्षा छ।

२०८३/०३/३१

डा. कमल लामिछाने
प्रवक्ता

सूचना तथा प्रकाशन शाखा,
प्रमुख व्यावसायिक अधिकृतको कार्यालय
भद्रकालीप्लाजा, काठमाण्डौ।

नेपाल दूरसंचार कम्पनी लिमिटेड
Nepal Doorsanchar Company Ltd

फोन नं.
ना.प्र.नि : ०१४२१०१०६
प्रवक्ता : ०१४२१०२०४
सह-प्रवक्ता : ०१४२१०२९६
सूचना शाखा : ०१४२१०३०२